फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बाग्लुङ।

गण्डकी प्रदेश, नेपाल

---

# सुचना !!! सुचना !!! सुचना !!!

**कृषि मजदुर परिचालन परियोजना कार्यक्रम संचालनका लागि प्रस्ताव पेश सम्बन्धी सुचना।**

**(प्रथम पटक प्रकाशित मिति २०७९/०९/१३)**

जैमिनी नगरपालिका कृषि शाखाको आ.व. २०७९/०८० को नगरविकास योजना तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार "कृषि मजदुर परिचालन परियोजना कार्यक्रम संचालन कार्यविधि, २०७९" अनुसार **कृषि मजदुर परिचालन परियोजना कार्यक्रम** लागत साझेदारीमा संचालन गर्नुपर्ने भएकोले मिति २०७९/०९/१३ देखि २०७९/०९/२७ गते सम्म इच्छुक कृषक/कृषक समुह/व्यवसायिक फर्म/समिति/कृषक सहकारी संस्थाको तर्फबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले तपशिलका कागजात सहित बढिमा १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन/प्रस्ताव सम्वन्धित वडा कार्यालय तथा कृषि शाखा कार्यालयमा रितपुर्वक पेश गर्नुहुन अनुरोध छ।

**कार्यक्रमको नाम : कृषि मजदुर परिचालन परियोजना**
**कुल बजेट : १५०००००( पन्ध्र लाख रुपैया मात्र)**
**लाभग्राही संख्या : १०**
**सहभागीताको लागि आबस्यक मापदण्ड**

(१) कृषि मजदुर परिचालन परियोजना संचालन गर्नका लागि एउटा क्लष्टरमा कम्तिमा पाँच रोपनी वा सो भन्दा बढी जग्गामा खेति गर्नुपर्ने छ।
(२) निम्न स्तरका/न्यून आय भएका/विदेशबाट फर्की व्यवसाय गर्न इच्छुक कृषकहरुलाई प्राथमिकता दिइनेछ।
(३) कार्यक्रम संचालन गर्ने जग्गाको नजिकमा सिंचाईको स्रोत/सुविधा भएमा उक्त जग्गालाई प्राथमिकता दिइनेछ।
(४) यस कार्यक्रम अन्तर्गत १० वटा कृषि फर्म/कृषक समूहहरुलाई समावेश गर्न सकिनेछ।

**आवश्यक कागजातहरु**

१. अनुसुचि २ वमोजिमको आवेदन फारम।
२. अनुसुचि ३ वमोजिमको प्रस्ताव फारम ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
४. स्थानिय तह/सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र को प्रतिलिपी।
६. जग्गाको लालपुर्जाको प्रतिलिपि
७. सम्बन्धित वडाको चौकिल्ला प्रमाणितको सिफारिस।
८. सम्बन्धित वडाको सिफारिस पत्र।

नोट : कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७९ जैमिनी नगरपालिकाको वेवसाइटमा हेर्न सकिनेछ। थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा कृषि तथा पशु शाखा कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ।

...नाथ गिरी
... अधिकृत